म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक २९४ बिहीबार, २२ जेठ २०८२ ने. सं. ११४५ तछलाथ्व 5 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रानीको वक्तृत्वकलामा बंशगोपाल माविका लामिछाने प्रथम

हेटौंडा, २१ जेठ/५३ औं विश्व वातावरण दिवसको अवसरमा रानी सामुदायिक वन उपभोक्ता समूह, चौघडाले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा बंशगोपाल माविका सज्जित लामिछाने प्रथम भएका छन् । जलवायु परिवर्तन न्यूनीकरणमा सामुदायिक वन समूहको भूमिका विषयक वक्तृत्वकला प्रतियोगितामा भानु माविका विशिष्ट बर्तौला द्वितीय र सुनगाभा शिक्षा निकेतनकी प्रकृति लामिछाने तृतीय भएकी थिइन् । हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष केशव धितालको सभाध्यक्षतामा कार्यक्रम भएको हो । प्रतियोगितामा र मेशप्रसाद लामिछाने, पूर्णभद्र चौलागाई र सुनिल शिवाकोटीले निर्णायकको भूमिका निर्वाह गरेका थिए । कार्यक्रममा सुनौलो महिला समूहकी अध्यक्ष पवित्रा रुम्बा, उन्नति महिला समूहकी अध्यक्ष विमला दंगाल, कार्यसमितिका पदाधिकारी, कर्मचारी, उपभोक्तालगायतको सहभागिता रहेको थियो । प्रतियोगितामा ९ जना विद्यार्थीले भाग लिएका थिए । विश्व वातावरण दिवसको यो वर्षको नारा प्लाष्टिक प्रदुषण नियन्त्रण गरौं रहेको छ ।

### असार १ गते बजेट आउने

# बागमती सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित

साझाकुरा संवाददाता



हेटौंडा, २१ जेठ/ बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । बुधबार बसेको प्रदेशसभा बैठकले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को कार्यक्रम बहुमतले पारित भएको हो ।

जेठ १४ गते प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रम माथि जेठ १९, २० र २१ गते छलफल भएको थियो । जेठ २१ गते मुख्यमन्त्री बहादुरसिंह लामाले छलफलको क्रममा उठेका जिज्ञाशाको जवाफ दिएसँगै नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो । नीति तथा कार्यक्रममाथि परेको संशोधनको प्रस्ताव प्रदेशसभाबाट बहुमतले अस्वीकृत भएको छ । मुख्यमन्त्री लामाले सबै सांसद्हरुको प्रतिनिधित्व हुने गरी नीति तथा कार्यक्रम ल्याएको बताएका छन् । बैठकमा सांसदहरुले उठाएका प्रश्नमा मुख्यमन्त्री लामाले जवाफ दिएका थिए ।

उनले सरकारको एकल अधिकारको क्षेत्रमा केन्द्रित भएर विकास निर्माणका काम गर्ने रणनीति लिएको उनले दाबी गरेका छन् । मुख्यमन्त्री लामाले भौतिक पूर्वाधारलाई व्यवस्थित गर्न पिटिएमटिका सडकलाई प्राथमिकताका साथ बजेटमा समावेश गर्ने सरकारको तयारी रहेको बताए । मुख्यमन्त्री लामाका अनुसार पटकपटकको ताकेतापछि प्रादेशिक संरचना निर्माणको लागि जग्गा प्राप्तिको काम अन्तिम चरणमा पुगेको छ । संघीय सरकारको आगामी क्याबिनेट बैठकबाट प्रादेशिक संरचना निर्माणको लाग जग्गा भोगाधिकारको निर्णय हुने चरणमा रहेको उनले बताए । छलफलको क्रममा सांसद्हरुले दिएको सुझावलाई बजेटमा समेट्ने पनि मुख्यमन्त्री लामाले प्रतिबद्धता व्यक्त गरे ।

नीति तथा कार्यक्रममा सरकारले सडक, शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन, कृषिक्षेत्रलाई प्राथमिकतामा राखेको छ । प्रादेशिक सडको गुरुयोजनाको अद्यावधिक गरी प्राथमिकताको आधारमा प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्गहरुको विकास र स्तरोन्नति गरिने उल्लेख गरिएको छ । भौतिक पूर्वाधारको निर्माणमा स्वदेशी निर्माण सामग्रीको प्रयोगलाई प्राथमिकता दिई स्थानीय मौलिकता र वास्तुकलाको संरक्षणमा जोड दिने नीति लागु गरिने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

'एक वडा एक कृषि कार्यक्रम' अन्तर्गत निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको साझेदारीमा कृषिमा लगानी अभिवृद्धि गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । कृषिउत्पादन अभिवृद्धि गर्न प्रविधि र भौतिक पूर्वाधार निर्माणमा निजी, सहकारी क्षेत्रलाई समेत लगानी गर्ने वातावरण गरिने भएको छ । दिगो वन व्यवस्थापनको माध्यमबाट उत्पादन, उत्पादकत्व र वातावरणीय लाभ अभिवृद्धि गर्ने, व्यावसायिक पर्यापर्यटन विस्तार गर्ने कार्यक्रम सञ्चालन गरिने भएको छ ।

'सबै नीतिमा स्वास्थ्य नीति' कार्यक्रमको कार्यान्वयनलाई सरकारले निरन्तरता दिने भएको छ । एक जिल्ला एक स्वस्थ्य सहर अवधारणालाई सबै जिल्लामा सञ्चालन गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । एक विद्यालय एक नर्स कार्यक्रमलाई समुदायस्तरमा विस्तार गरी क्षमता अभिवृद्धि सहित सञ्चालन गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । मुख्यमन्त्रीसँग जनता स्वास्थ्य कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्यमा समुदायस्तरमा विस्तार गरिने भएको छ ।

महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र पुरुषमा हुने प्रोष्टेट क्यान्सरको पहिचान र रोकथाम गर्न नि:शुल्क सेवाको व्यवस्था मिलाइने कार्यक्रममा समावेश गरिएको छ । बागमती प्रदेश विश्वविद्यालयको संस्थागत सुदृढीकरणको लागि उच्चस्तरीय जनशक्ति उत्पादनका लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिने भएको छ । नीति तथा कार्यक्रममा व्यवसायिक शिक्षा र तालिमलाई एकद्वार प्रणालीबाट सञ्चालन गरी उद्यम र रोजगारीसँग जोड्न औद्योगिक प्रतिष्ठानसँग सहकार्य गरिने सरकारले नीति तथा कार्यक्रममा उल्लेख गरेका छन् ।

प्रदेश सरकारले विपद् जोखिम न्युनीकरणको लागि विपद्को पूर्वतयारीमा जोड दिने भएको छ । प्रदेश गोदामघरमा उद्दार तथा राहत सामग्रीको उचित व्यवस्थापन गर्नुको साथै गोताखोरलाई आवश्यक उपकरणको प्रबन्ध गरिने भएको छ । त्यसैगरी प्रहरी समायोजनको लागि अन्य प्रदेशसँगको समन्वय र सहकार्यमा संघीय सरकारसँग पहल गरिने उल्लेख गरिएको छ ।

भ्रष्टचारविरुद्ध शुन्य सहनशीलताको नीति लिई प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । प्रदेशसभाको अर्को बैठक जेठ ३० गते दिनको १ बजे बस्ने गरी स्थगित भएको छ । असार १ गते प्रदेश सरकारको बजेट प्रदेशसभामा प्रस्तुत हुनेछ ।

# विद्यालयको अनुगमन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ मकवानपुरको कैलाश गाउँपालिकाको विभिन्न तहका विद्यालयको अनुगमन सुरु भएको छ । शैक्षिक सत्र सुरु भएसँगै गाउँपालिकाले अनुगमनलाई तीव्रता दिएको हो ।

विगतका वर्षहरुझै यसवर्ष पनि विद्यालयको वास्तविक अवस्थाबारे जानकारी लिन अनुगमनको पाटोलाई तीव्रता दिइएको गाउँ शिक्षा समितिका संयोजक एवम् गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । 'शैक्षिक सत्र सुरु भयो, विद्यालयमा विद्यार्थी र शिक्षकको उपस्थितिका साथै भर्ना अभियानको अवस्थाबारे जानकारी लिनको लागि अनुगमन गरेका हौं' अध्यक्ष मुक्तानले भने ।

पछिल्लो समय शिक्षा सेवा आयोगबाट नयाँ शिक्षक आउनु भएको छ, विद्यालयमा शिक्षकको उपस्थितले विद्यार्थीमा उत्साह बढेको अध्यक्ष मुक्तानले बताए । गाउँपालिकाका स्रोतशिक्षक ध्रुवराज विष्टले कैलाश ३, ४, ९ र १० वडास्थित विभिन्न तहका १२ वटा विद्यालयको वस्तुस्थिति अनुगमन गरेका थिए । विद्यालयमा नयाँ शिक्षकको आगमनले गर्दा विद्यार्थीमा छुट्टै खालको उत्साह छाएको स्रोतशिक्षक विष्टले बताए ।

विद्यार्थी संख्या अति न्यून भएका विद्यालयलाई मर्ज गर्नुपर्ने र विद्यार्थी बढी भएका तथा भौगोलिक रुपमा केन्द्रमा रहेका विद्यालयको कक्षा तहवृद्धि गरिनुपर्ने विष्टले बताए । अन्य वडाको अनुगमनको क्रम जारी रहेकाले गाउँपालिकामा शिक्षा क्षेत्रको विकासमा लगानी भइरहेको अवस्थामा विषयगत शिक्षक दरबन्दी अभावले पठन पाठनमा झनै समस्या देखिरहेको उनले बताए ।

विद्यालयमा विद्यार्थी भर्ना र नियमित उपस्थितिलाई सुनिश्चित गर्न विद्यालय प्रशासन, व्यवस्थापन समिति र सम्बन्धित वडालाई गाउँ शिक्षा समितिले आग्रह गरेको छ । पछिल्लो समय स्थानीय सरकारले कैलाशको विद्यालय शिक्षाबारे विशेष चासो राख्दै विद्यालयको नियमित रुपमा अनुगमन, त्यहाँ भएका समस्या र समस्याको समाधान गर्दै आइरहेको छ ।

# हेटौंडामा लेखा व्यवस्थापन तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/हेटौंडा उपमहानगरपालिकाको सहयोगमा हेटौंडामा ६ दिने लेखा व्यवस्थापन तालिम सुरु भएको छ ।

मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको आयोजनामा सुरु भएको तालिमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । नगरप्रमुख लामाले सहकारीको बित्त व्यवस्थानको जानकारी राख्ने व्यक्ति सचेत नबनेसम्म समस्या समाधान गर्न असहज हुने बताइन् । आय-व्ययको जानकारी राख्ने व्यक्तिले नै सहकारीको अवस्था कस्तो छ भन्ने बारेमा सचेत हुन जरुरी रहेको उनले बताइन् ।

सहकारीमा देखिएको पछिल्लो समस्यालाई नियामक निकायको हिसाबले उपमहानगरले अनुगमन र निरीक्षण गरिरहेको उनले जानकारी दिइन् । नगरप्रमुख लामाले नगरमा रहेर काम गरिरहेका केही सहकारीमा देखिएको समस्या समाधानका लागि नजिकबाट नियाल्ने र समस्या समाधानका लागि उपमहानगरले काम गरिरकेको बताइन् । केही सहकारीमा देखिएको समस्यालाई समाधान गर्न काम भएको उनको भनाई थियो ।

संघका सचिव बीरेन्द्र प्रसाद ढुंगानाको अध्यक्षतामा भएको तालिममा हेटौंडा उपमहानगर पालिका आर्थिक विकास महाशाखा प्रमुख जगन्नाथ सापकोटा, संघका सहसचिव बिजयबहादुर बस्नेत, कोषाध्यक्ष बिष्णुमाया लामा, सञ्चालक सदस्य जानकी चौधरी, सहकारी संघ लिमिटेडका व्यवस्थापक सुमित्राकुमारी वाइबाको आतिथ्यता रहेको थियो । उपमहानगरको सहयोग तथा संघको आयोजनामा भएको तालिममा ३५ वटा बचत तथा ऋण सहकारी संस्थाका लेखा व्यवस्थापकको सहभागिता रहेको छ ।


## हार्दिक बधाई




श्री राजेन्द्र प्रसाद ढुंगाना

नेपाल अडिटर्स एशोसिएसन (अडान)को मिति २०८२ जेठ १७ गते काठमाडौंमा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा श्री राजेन्द्र प्रसाद ढुंगानाज्यूलाई हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

रामकुमार बर्तौला (अध्यक्ष) एवम्

नेपाल अडिटर्स एसोसिएसन (अडान)

बागमती प्रदेश कार्यसमिति, परिवार



साझाकुरा

## हाम्रो कुरा

# कर तथा राजश्वमा अनुसन्धान खोई ?

सरकारले राजश्व तथा कर संकलन गर्न सक्ने सम्भावित क्षेत्रको अध्ययन अनुसन्धान गर्नका लागि बजेट ब्यवस्थापन नगरेकै कारण राजश्व संकलन गर्ने मामलामा सरकारको कमजोरी देखिएको छ । राजश्व संकलन गर्न सकिने क्षेत्रको अध्ययनमा सरकारले लगानी गर्न सकेको छैन । यो समस्या संघीय सरकारमा मात्र नभई प्रदेश सरकार र स्थानीय सरकारमा पनि छ । सम्भावित क्षेत्रको अध्ययन हुनै सकेको छैन । बागमती प्रदेश सरकारले राजश्व संकलनको क्षेत्र निर्धारण गर्न र आन्तरिक आय बढाउन कार्यदल गठन गर्ने भएको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व चुहावट, संकलन व्यवस्थापन तथा दर र दायरालाई व्यावहारिक तथा वैज्ञानिक बनाउने गरी नेपाल सरकारका पूर्वसहसचिव किशोरजंग कार्कीको संयोजकमा ५ सदस्यीय कार्यदल बनाएर काम गर्ने भनिएको थियो । प्रदेशको आर्थिक विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने गरी कार्यदल बनाएर अध्ययन थाल्ने मन्त्रालयले जनाएको छ ।

प्रदेशको नीति तथा योजना आयोगको पहलमा कन्सल्ट्यान्ट मार्फत कार्यदल निर्माण गरी प्रदेशको राजस्व र खर्चको अवस्था विश्लेषण गर्ने तयारी भइरहेको आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले जानकारी दिएका छन् । कार्यदलले अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गरेको थियो । कार्यदलको रिपोर्टलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने तयारी रहेको थियो । प्रतिवेदन अनुसार आगामी आर्थिक वर्षको बजेट कार्यक्रम र राजस्वका दर तथा दायरा निर्धारण हुनेछ । प्रदेश सरकारलाई स्रोतको अनुकूल प्रयोग, करनीति सुधार र आर्थिक प्रणालीलाई मजबुत बनाउन मद्दत पुग्ने गरी कार्यदलले अध्ययन प्रतिवेदन तयार गर्ने मन्त्रालयले जानकारी दिएको छ । कार्यदलले अध्ययनमा सम्भावित करसंरचना सुधार, व्यापारिक गतिविधिको प्रोत्साहन र आर्थिक स्रोतको उत्तम व्यवस्थापनका उपाय समेटिने अधिकारीहरुको भनाई छ । प्रदेशको आन्तरिक राजस्व बढाउन, असंगठित क्षेत्रलाई औपचारिक बनाउने र दीर्घकालीन आर्थिक स्थिरता कायम राख्नका लागि यसले महत्वपूर्ण भूमिका खेल्ने बताइएको थियो । प्रदेशका आर्थिक र राजस्वका स्रोतको गहिरो मूल्यांकन, राज्यका उत्पादन र सेवाको वृद्धिमा जोडदिने उपाय अन्वेषण गर्ने गरी कार्यदलले काम थाल्ने बताइयो । संघीय सरकारले निर्धारित गर्ने करनीति र आर्थिक निर्णयबाट प्रभावित प्रदेशको आर्थिक योजना, प्राविधिक कार्यहरु व्यवस्थित गर्न कार्यदलको प्रतिवेदन महत्वपूर्ण हुनेछ । कार्यदलले प्रदेशको राजस्व सुधारको योजनासहित खर्च व्यवस्थापनको विषयमा समेत अध्ययन गर्ने भनिएको थियो । प्रदेशको आयस्रोत धेरै नहुँदा बजेटका लागि संघीय सरकारमै निर्भर हुनुपरेकाले बजेटमाथिको अस्वाभाविक भार कम गर्न संरचनागत सुधारका लागि सुझाव पेस गर्नेगरी कार्यदलले काम गर्ने बताइएको थियो ।

कार्यदलले सरकारको खर्च व्यवस्थापन, संरचनागत सुधार, नीति तथा कानुनलाई अनुकूल बनाउने बारेमा अध्ययन गर्ने भनियो तर, अध्ययन प्रतिबेदन भने सार्वजनिक भएन । चालु र प्रशासनिक खर्च बढिरहेको छ । संघमा आश्रित बजेट भएकाले त्यसको सदुपयोग गर्ने विषय महत्वपूर्ण रहन्छ । आन्तरिक आयस्रोत व्यवस्थापन, छुट तथा सुविधाका विषय निर्धारण, छुटेका र महत्वपूर्ण विषय समेट्ने विषयमा कार्यदलले अध्ययन गर्ने जनाइएको थियो । प्रदेशको आर्थिक विकासको सम्भावनाको खोजी तथा उपयुक्त बजेट कार्यक्रम तर्जुमा र टुक्रे योजनाको व्यवस्थापन बारेमा कार्यदलले सुझाव दिने बताइयो । चालु आर्थिक वर्षमा ६४ अर्बको बजेट विनियोजन गरेर कार्यान्वयन गरिरहेको प्रदेश सरकारको १० महिनामा राजस्व संकलन दर न्यून रहेकाले यो विषयको सुधारमा दस्तावेज महत्वपूर्ण हुने मन्त्रालयको विश्वास छ ।

# जेठ २१ को कपटी घोषणा र छुवाछूत मुक्ति



डा. मित्र परियार

एउटा गाउँ रहेछ जहाँको भित्ता-भित्तामा 'खुल्ला दिसामुक्त गाउँ' भन्ने नारा ठूल्ठूला अक्षरमा लेखिएको रहेछ । तर जनप्रतिनिधि लगायत सबै गाउँले तिनै पोस्टरको मुनि लाजै नमानी शौच गर्दा रहेछन् । जातीय छुवाछूत र विभेदका हिसाबले लगभग दुई दशक अगाडि 'छुवाछूत मुक्त राष्ट्र' घोषणा भएको मेरो देशको, समाजको हालत पनि करीब-करीब त्यही गाउँको जस्तै छ ।

भर्खरै दोस्रो जनआन्दोलन सम्पन्न गरी निरंकुश राजालाई सत्ताच्युत गरेको दलीय नेपाल सरकारले २०६३ साल जेठ २१ गते संसद्मा 'छुवाछूत मुक्त राष्ट्र' घोषणा गर्‍यो । उक्त घोषणाले सदियौंदेखि उत्पीडन र दमनमा परेका दलित समुदायहरूलाई स्वाभाविक रूपमा उत्साहित बनायो । तर आजसम्म पनि समाजमा छुवाछूतजन्य घृणा घटेको छैन । र त्यो ऐतिहासिक घोषणालाई सार्थक बनाउने दिशामा कुनै पनि दलको नेतृत्वको कुनै पनि सरकारले आजसम्म सिन्को भाँचेको प्रमाण छैन । उल्टो, गणतान्त्रिक र धर्मनिरपेक्ष भनिने मुलुकमा जातीय हिंसाका घटनाहरू बढ्ने क्रममा छन् । र धेरै घटनाहरूमा सरकार, पार्टीहरू, प्रहरी, अदालतले अपराधीको संरक्षण गर्दै आएका छन् ।

यसको ज्वलन्त उदाहरण २०७७ साल जेठ १५ गते रूकुमपश्चिम सोती गाउँमा घटेको नवराज विक हत्याकाण्ड हो । यो सम्भवत: नेपालको इतिहासमै ठूलो जातीय नरसंहारमा ६ जना कलिला युवाहरूलाई लखेटी-लखेटी मारियो र भेरी नदीमा फ्याँकियो । उक्त जातीय नर संहारका नाइके माओवादी पार्टीका वडाअध्यक्ष थिए । यस घटनाका अपराधीहरू उम्काउन पनि दलहरू, सत्ताले धेरै भूमिका खेलेको सर्वविदितै छ । हालसालै सुर्खेत उच्च अदालतले त्यति ठूलो र कुख्यात नवराज हत्याकाण्ड जातीय विभेदको कारणले भएको होइन भन्ने गलत व्याख्या गरेर तमाम दलितको आत्मसम्मान गिरायो, राज्यको जातिवादी चरित्र उदांगो पार्‍यो । र त्यो फैसला गलत भयो भन्ने आवाज कुनै राजनीतिक शक्तिले उठाउने कष्ट गरेन । यस्तो विकराल परिस्थितिमा कसरी र किन दलितले जेठ २१ लाई विशेष उत्सवका रूपमा मनाउने ? घोषणाकै लागि मात्रै गरिएको घोषणाको के अर्थ रहन्छ ? उत्पीडित वर्गले यो यथार्थ मनन गरोस् ।

**घोषणाको ललिपप**

प्रतिष्ठित अन्तर्राष्ट्रिय प्रकाशन गृह स्प्रिङ्गरबाट काठमाडौं युनिभर्सिटीका राजनीतिशास्त्री उद्धव प्याकुरेलले सन् २०२१ मा एउटा सान्दर्भिक र निर्भीक पुस्तक लेखेका छन्, जसको शीर्षक छ- 'रिप्रडक्सन अफ इनइक्वालिटी एण्ड सोसल एक्सक्लुजन: अ स्टडी अफ दलितस इन अ कास्ट सोसाइटी, नेपाल' । लेखकले नेपाललाई एक 'जातिवादी समाज'का रूपमा परिचय गराउँदै मूलत: हिन्दू राज्यले नै जातीय असमानता र सामाजिक बहिष्करणको संस्कृति बसालेको र जगेर्ना गर्दै आएको तथ्यपूर्ण तर्क प्रस्तुत गरेका छन् ।

हुन पनि इतिहासमा शासक बदलिए, शासकीय व्यवस्था फेरिए, हिन्दू राजतन्त्र समाप्त गरियो तैपनि राज्यको जातिवादी, मनुवादी चरित्र कहिल्यै बदलिएन । म गणतन्त्र विरोधी होइन, तर तथ्यले राजतन्त्र अन्त्य गरेपछि पहाडे जातिवाद र ब्राह्मणवाद झनै बलियो बन्दै गएको देखिन्छ । जेठ २१ गते नेपाल छुवाछूत मुक्त राष्ट्र घोषणा गर्ने यिनै दलहरू हुन्, धेरैजसो यिनै शीर्ष नेतृत्वहरू हुन् । के सोचेर यिनले उक्त घोषणा गरे र किन घोषणा बमोजिम काम गर्न चाहिरहेका छैनन् ? किन दलीय शासकहरू छुवाछूत बारे आजभोलि खासै बोल्दैनन् ?

यसको एउटा प्रमुख कारण वर्तमान नेतृत्वको महेन्द्रकालीन मनोविज्ञान हो । उनीहरू विभिन्न विचार र सिद्धान्तको पक्षधर भए पनि उत्तिकै जातिवादी छन्, उत्तिकै मनुवादी छन् । मनुवादी दृष्टिकोणका शासकहरूले दलितलाई बच्चा जस्तै आलाकाँचा देख्छन् र बेलाबेलामा ललिपप खुवाएर भुलाउँछन्, भुलाउँदै आएका पनि छन् । जेठ २१ को घोषणा पनि दलितलाई दिइएको सानो ललिपप मात्रै थियो भन्ने सत्य प्रमाणित भएको छ । ती नेतृत्वहरू दलितको पीडा प्रति थोरै मात्रै पनि संवेदनशील हुन्थे भने आजसम्म छुवाछूतजन्य जातीय घृणा र हिंसा रोक्ने हेतु कुनै ठोस अध्ययन, अनुसन्धान हुनुपर्ने, संसद्मा गम्भीर छलफल हुनुपर्ने । र छुवाछूत निर्मूल पार्ने हेतु सरकारले कुनै प्रभावकारी नीति तथा कार्यक्रम ल्याउनुपर्ने, नयाँ योजना बनाउनुपर्ने, बजेट विनियोजन गर्नुपर्ने ! खै त ?

झण्डै दुईतिहाइ बहुमत प्राप्त ओली-देउवा सरकारले त झन् चाहेको भए छुवाछूतको संस्कृति हटाउने दिशामा धेरै काम गर्न सक्थ्यो । तर, प्रधानमन्त्री केपी शर्मा ओलीलगायत कुनै पनि मन्त्री वा प्रशासक व्यवहारबाटै जातीय विभेद अन्त्य गर्ने विषयमा संवेदनशील देखिदैनन् । बरू जात र धर्मको कुरै नगर भन्दै यथास्थितिको पक्षपोषण गरिरहेका छन् । यो मेरो सरकार विरुद्ध मनगढन्ते आरोप होइन । जस्तो, केही समय अगाडि सिरहाका अन्तरजातीय जोडीमाथि गृहमन्त्री रमेश लेखकले गरेको राज्यसत्ताको दुरुपयोग र ज्यादती बारे राष्ट्रिय मिडियामा कुरा उठे । हामीहरूले पनि लेखेर र सडकमा कराएर छानबिनको माग गर्‍यौं, एक सल्लाहकार मार्फत प्रधानमन्त्रीको पनि ध्यानाकर्षण गर्‍यौं ।

तर, दलितको पीडाले राज्यका कसैलाई छोएन । गृहमन्त्रीमाथि कुनै कारबाही हुनु त परै जाओस्, उक्त सवालमा प्रधानमन्त्री केपी ओली र सत्ता साझेदार नेता शेरबहादुर देउवाले मुखै खोलेनन् । प्रचण्ड लगायत सत्ता बाहिरका नेताहरूले पनि सुनेको नसुन्यै गरे । न त कुनै मानवअधिकारवादी बोले । दलीय नेतृत्वको नजरमा जातीय घृणा, अपमान र हिंसा देशको समस्या नै होइनन् । सामाजिक रूपान्तरण गर्दै जातीय समानता कायम गर्ने विषय कुनै दलको एजेण्डामा पर्दैन । बालुवाटार र सिंहदरबारमा यस बारेमा कुनै इच्छाशक्ति छैन । न त कुनै दलको संगठनमा चासो देखिन्छ ।

यो सरकार दलित अधिकारप्रति कतिसम्म गैरजिम्मेवार छ भन्ने सत्य जेठ १५ गते अर्थमन्त्री विष्णु पौडेलले संघीय संसद्मा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट भाषणबाट पनि बुझ्न सकिन्छ । यो बजेटले पनि दलितको मूल समस्याप्रति आँखा चिम्लेको छ । छुवाछूतको संस्कार र संस्कृति रोक्ने कुनै योजना ल्याइएन । तर बजेट भाषणले जेठ २१ लाई जातीय भेदभाव तथा छुवाछूत मुक्त राष्ट्रिय दिवसका रूपमा मनाउने घोषणा गर्‍यो । यसबाट कतिपय दलित समुदायका हनुमानहरू दंग परेका होलान् उक्त दिवस मनाउन थप स्रोत प्राप्त हुने आशा बढेको कारणले । तर, आम दलितका लागि यो अर्को ललिपप मात्रै हो भन्ने कुरामा कुनै शंका छैन ।

**समाधानको उपाय**

सरकार, सत्ता, संसद, पार्टी नेतृत्वहरू दलितको मुद्दामा यति धेरै गैरजिम्मेवार र असंवेदनशील बन्नुका पछाडि स्वयं दलित नेता-अगुवाहरूको पनि दोष छ । उनीहरू प्राय: यो वा त्यो दलमा आवद्ध छन् र पार्टीका विष्टको आज्ञाकारी बनेका छन् । सामाजिक रूपान्तरण भन्दा पनि कसरी विष्टलाई खुशी पारेर अवसर हासिल गर्ने भन्ने दाउमा उनीहरू लागिपरेका छन् । ब्राह्मणवादको ऐंठन परेर दलित आन्दोलन सेलाएको छ । दलितमा पनि व्यक्तिगत स्वार्थको राजनीति मौलाएको छ । दलीय दलदलमा फसेका दलितहरूले यो राजनीतिक बालीघरे प्रथा नरोकेसम्म छुवाछूत मुक्ति असम्भव छ ।

मेरो विनम्र आग्रह छ: यस्तो केटाकेटीको भाँडाकुटी खेल जस्तो राजनीति त्यागौं । कथित उपल्ला जातिका नेताका चेसका गोटी नबनौं । सकेसम्म पार्टी नै त्यागौं र एक स्वतन्त्र आन्दोलनको आधीहुरी निर्माण गरी शासकवर्गलाई हाम्रो मुद्दामा जिम्मेवार बनाऔं । बाघको खोरमा बसेको स्यालले बाघकै विरुद्ध संघर्ष गर्न सम्भव हुँदैन । अझ महत्वपूर्ण कुरा: अब दलित आन्दोलनको प्याराडाइम शिफ्ट हुनुपर्दछ । पुरानो बाटो हिंडेर गन्तव्यमा नपुगेपछि नयाँ गोरेटो खन्नुको विकल्प हुँदैन । अब हामीले फरक ढंगले संघर्ष गर्नुपर्छ र आफ्नै अगुवाइमा अलग्गै शक्ति निर्माण गर्नुपर्दछ । र हाम्रो छुट्टै वैचारिकी र दार्शनिकी विकास गर्नुपर्दछ । आजसम्म विष्टले सिकाएको, घोकाएको विचारले मुक्ति दिएन त !

दलित पीडाको मूल जराबारे हामी स्पष्ट हुनु जरूरी छ, जुन छुवाछूत हो । हुनत एक तहको छुवाछूत हरेक जाति, सम्प्रदायको पीडा हो । तर पानी नचल्ने जातका हिसाबले यसको सबैभन्दा ठूलो असर दलित समुदायलाई परेको छ । छुवाछूतको समस्यालाई नै हाम्रो आन्दोलनको प्रमुख निशाना बनाउनुपर्दछ । गरीबी, अशिक्षा, शासन सत्तामा पहुँचको कमि, भूमिहीनता, कानूनी शासनको अभाव जस्ता समस्याहरू पनि छन्, तर ती साझा मुद्दा हुन् । कतिपय जनजाति समुदायहरू पनि उस्तै पीडामा परेका छन् । तिनलाई छुवाछूतको पीडा धेरै कम छ ।

छुवाछूतको मूल जरा हिन्दू धर्म, संस्कार, संस्कृति हो । व्यावहारिक रूपमा यो सत्य सबै दलितले बुझेका छन्, धेरैले व्यक्तिगत र पारिवारिक जीवनमा भोगेका पनि छन् । तर किन हो यस बारे धेरै दलित नेता, अगुवा, बुद्धिजीवीहरू बोल्न हिच्किचाउँछन् । आजसम्म पनि धर्मलाई दलित डिस्कोर्षको मुख्य विषय नै बनाइएको छैन । यो दलित आन्दोलनको अर्को ठूलो कमजोरी हो । अझै पनि धेरै दलितहरूले छुवाछूतलाई केवल कानूनी र संवैधानिक समस्या मात्रै ठान्ने गल्ती गरिरहेका छन् । कानूनको प्रभावकारी कार्यान्वयन हुनु पनि जरूरी छ । तर यसका साथै हामीले यो सत्य पनि बुझ्नुपर्‍यो कि समाजमा राज्यको कानूनभन्दा धार्मिक कानून, मनुवादी कानून धेरै प्रभावशाली छ । त्यसैले जति व्यवस्था बदले पनि, जस्तो संविधान बनाए पनि समाजमा छुवाछूत नमेटिएको हो ।

छुवाछूतजन्य अपमान र हिंसा रोकियोस् पनि कसरी ? जबकि स्वयं दलित अगुवा, नेताहरू पनि मनुवादी सिद्धान्त बमोजिम आपसमै विभेद गर्छन् । घरमा महिनावारी भएका छोरीचेलीलाई किचनमा जान नदिएर छुवाछूत गर्छन् । कामीको घरमा अरू दलित जाति पस्न पाउँदैनन्ह पासवानको छोरी बिहे गर्ने डोम-चमारको ज्यान खतरामा पर्छ ! खास भन्ने हो भने 'छुवाछूत मुक्त राष्ट्र'को भाष्य नै गलत छ । छुवाछूतको विश्वास र व्यवहार निमिट्यान्न पार्न असम्भव प्राय: छ, किनकि यो हिन्दू शास्त्र, परम्परा, रीति, थिति, संस्कार, संस्कृतिको अभिन्न अंग बनिसकेको छ । मान्छे आफू मरेर पनि धर्मको रक्षा गर्न तयार हुन्छ ।

समाजशास्त्रका पिताहरूमध्ये एक म्याक्स वेबरले भनेका छन्- 'दियर इज नो हिन्दू विदाउट कास्ट' । अर्थात्, जातविहीन हिन्दू हुनै सक्दैन । भारतीय संविधानका जन्मदाता तथा प्रसिद्ध दलित नेता डा. बाबासाहेब अम्बेडकरले पनि लामो अध्ययनबाट निचोड निकाले कि हिन्दू रहेर छुवाछूतमुक्त हुन असम्भव छ । नेपाली समाज अध्ययन गर्दा बौद्ध, बोन, किराती, मष्टो परम्परामा पनि छुवाछूतको बाछिटा परिसकेको छ । खिस्चियन बन्ने क्रम तीव्र छ देशमा, तर कुनै ठाउँका सबैले धर्मान्तरण गरेर छुवाछूत मुक्त भयो भन्ने प्रमाण पनि छैन । खिस्चियन धर्म अँगाल्नेहरूले पनि जातमा गर्व गर्न छाडेका छैनन् ।

तसर्थ, अम्बेडकरका धेरै विचारहरू अनुसरणीय लागे पनि धर्मान्तरणबाट छुवाछूत अन्त्य हुन्छ भन्ने कुरामा विश्वास लाग्दैन । दक्षिण भारतको तामिल समुदायमा खिस्चियन समुदाय बनेको सयौं साल भयो, तैपनि त्यहाँ जातीय विभेद चर्को छ । धर्मान्तरण होइन, धार्मिक सुधार र परिमार्जनले मात्रै छुवाछूतको समस्या हल गर्न सक्छ । धर्म संस्कार र संस्कृति सुधार गर्न सकियो भने जातीय उत्पीडन धेरै नै घटाउन सम्भव छ । छुवाछूतलाई पूरै निमिट्यान्न पार्न सकिदैन । एक तहको छुवाछूत त हरेक जातजातिमा छ, उपाध्याय र जैसी बाहुनका बीचमा समेत । सबै तहको छुवाछूतजन्य अपमान र घृणा न्यून गर्न भने पक्कै सम्भव छ । हाम्रो प्रयास त्यसमै केन्द्रित हुनुपर्छ ।

तर, हिन्दू समाजमा धर्माधिकारी बाहुन हुन् । पण्डित, पुरोहित, पुजारी, गुरुहरू हुन् । तिनको बोली बिक्छ, तिनको वचनले समाज बदलिन्छ । हामी अन्यले सुधार गरेर सम्भव छैन । र धार्मिक व्यक्तित्वहरूसँग सहकार्य गर्दै धर्म सुधार गरेर जातीय समानता कायम गर्ने प्रमुख दायित्व राज्यको हो । सरकारको हो, सरकारमा रहेका वा प्रतिपक्षी पार्टीहरूको हो । मेरो फेरि पनि आग्रह छ: यो जेठ २१ को छुवाछूत मुक्ति सम्बन्धी झूटो घोषणामा रमाउन छोडौं । एक हदसम्म सबै जातिलाई पिरेको छुवाछूत उन्मूलन गर्न नसके पनि हाम्रै जीवनकालमा हृवात्तै घटाउन सरकारलाई सशक्त दबाब दिऊँ, दलीय नेतृत्वहरूलाई निरन्तर झकझकाऔं ।

*(साभार: अनलाइनखबर)*

# संवैधानिक निकायलाई कमजोर बनाउनु लोकतन्त्रमाथिकै आघात

सागर पण्डित

**सरकारले** संघीय लोकतान्त्रिक गणतन्त्रको मेरुदण्डका रुपमा रहेका संवैधानिक निकायहरु- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य आयोगहरु- समावेशी आयोग, दलित आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, मधेसी आयोग, मुस्लिम आयोग लगायतलाई सक्षम, गतिशील, स्वतन्त्र, साधन-स्रोत सम्पन्न र हस्तक्षेपमुक्त बनाउन सकेमा मात्रै संघीय लोकतान्त्रिक गणतन्त्र ढकमक्करुपमा फुल्न र फस्टाउन सक्छ ।

सरकारको सफलता संवैधानिक आयोगको सफलतामा निर्भर रहन्छ । संवैधानिक निकायलाई साथमा लिएर सरकारले भ्रष्टाचार विरुद्धमा महाअभियान थाल्न सक्छ । किनकि भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व सरकारकै हो । संवैधानिक निकायको सहयोगबाटै सरकारले मुलुकमा आर्थिक मितव्ययीता कायम गर्न सक्छ र सार्वजनिक सेवाप्रवाह प्रभावकारी बनाउन सक्छ । सबै आयोगको राम्रो साथ पाउन सकेमा र ती आयोगलाई प्रभावकारी बनाउन सकेमा मात्रै सरकार पूर्णरुपमा सफल बन्न सक्छ र मुलुकमा सुशासन, विकास, समृद्धिको यात्रा सहजै शुरु हुन सक्छ ।

यी आयोगहरुले लोकतन्त्रको संस्थागत विकासमा महत्वपूर्ण टेवा पुऱ्याउँदै मुलुकमा सुशासन प्रवर्द्धन, सेवाप्रवाहमा सुधार, निर्वाचनको विश्वसनीयतामा वृद्धि, आर्थिक अनुशासन, सरकारप्रति जनविश्वास अभिवृद्धि, नीति निर्माणमा मार्गदर्शन तथा अन्तर्राष्ट्रिय छवि विस्तारमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेका छन् । त्यसैले यी आयोगको संरक्षण र विकासमा पनि सरकारले गम्भीर भएर सोच्नुपर्छ ।

अहिले हाम्रा प्रमुख संवैधानिक निकायहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महालेखा परीक्षकको कार्यालय, निर्वाचन आयोगलगायतले आफ्नो जिम्मेवारीअनुसारका काम प्रभावकारी रुपमा गरी राज्यलाई महत्वपूर्ण योगदान दिँदै आएको सर्वविदित नै छ । अन्य आयोगहरुले पनि आफ्नो जिम्मेवारीअनुसारका काम-कारबाही सशक्त पारेकै छन् ।

हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र महालेखा परीक्षकको कार्यालयले देखाएको सक्रियता, निष्पक्षता र प्रतिबद्धता साँच्चिकै मुलुकको सुशासन यात्रामा महत्वपूर्ण फड्को साबित भएको छ । निर्वाचनको समयमा निर्वाचन आयोगको भूमिका प्रशंसनीय छँदै थियो । अख्तियारले पछिल्ला दिनमा केवल भ्रष्टाचारका नाङ्गा रुप खोल्ने काम मात्र होइन, भ्रष्ट संरचनामाथि प्रहार गरेर जनगणको भरोसा जित्न सफल भएको छ । आईटी क्षेत्रमा दशकौंदेखि फैलँदै आएको र कसैले अनुसन्धानको हिम्मत नै गर्न नसकेको खतर नाक भ्रष्टाचारको जालो तोड्दै र पर्दाफास गर्दै अख्तियारले आईटी माफियामाथि कडा प्रहार गरेको छ, जुन उदाहरणीय र साहसिक कदम हो ।

आईटी क्षेत्रमा सुशासन कायम गराउँदै अख्तियारले राज्यकोषको अर्बौं रुपियाँ बचाएको छ । यसै गरी स्थानीय तहमा भएका बग्रेल्ती भ्रष्टाचार प्रकरणलाई अख्तियारले पर्दाफास गर्दै सचेत पार्न सफल भएको छ ।भूमाफियामाथि कडा कारबाही, बहालवाला मुख्य सचिव, संघ र प्रदेशका पूर्वमन्त्रीहरुलाई कानुनी कठघरामा उभ्याउने हिम्मत, ठूला भ्रष्टाचार काण्डको पर्दाफास तथा अनुसन्धान-अभियोग दायरामा कायम भएको ऐतिहासिक रेकर्डले अख्तियारको भूमिकालाई जनताले सम्मानपूर्वक हेर्न थालेका छन् ।

ठूला माछालाई केही गर्न सक्दैन भन्ने भाष्यलाई अख्तियारको पछिल्ला कदमले गलत साबित गरिदिएको छ । अख्तियारकै सशक्त भूमिकाका कारण मुलुकमा सुशासन कायय हुन सक्ने विश्वास आम जनतामा बढेको छ । त्यसका लागि अख्तियारलाई अझै उपयुक्त वातावरण दिएर अघि बढाउनुपर्छ भन्ने आम जनताको चाहना छ । त्यस्तै, लोकसेवा आयोगले निष्पक्षता, पारदर्शिता र योग्यतामा आधारित छनोट प्रणालीलाई निरन्तरता दिँदै राष्ट्रसेवकको निर्माणमा उल्लेखनीय योगदान पुऱ्याइरहेको छ । महालेखा परीक्षकको कार्यालयले पनि आर्थिक अनुशासनको रक्षा गर्दै भ्रष्टाचारको मौन संरचना तोड्न, बेरुजु न्यूनीकरण गर्न र सार्वजनिक खर्चको पारदर्शिता बढाउन जुन काम गरिरहेको छ, त्यसले राज्य संयन्त्रमा जिम्मेवारीबोधको नयाँ अभ्यास शुरु गराएको छ ।यी तीन संवैधानिक अंगहरूको समन्वयित, प्रभावशाली र निडर कार्यशैलीले नेपालको सुशासन, जवाफदेहिता र पारदर्शिताको यात्रामा केही गति लिएको छ ।

अख्तियारले सुशासनको क्षेत्रमा पछिल्ला चार वर्षमा खेलेको भूमिका ऐतिहासिक छ । अख्तियारको हालको नेतृत्व र टिमले भ्रष्टाचारविरुद्ध आक्रामकरुपमा काम गरिरहेको छ । सानादेखि ठूला भ्रष्टाचारीहरुलाई निर्भिकताका साथ कानुनी दायरामा ल्याउन सफल भइरहेको छ । आम जनताले अख्तियार नेतृत्वलाई स्याबासी पनि दिइरहेका छन् ।

ठूला भ्रष्टाचारीहरुको मनमा ढ्याङ्ग्रो ठोकिरहेको छ । यस्तो अवस्थामा अख्तियारलाई अझै सशक्त बनाउन सबै पक्षको सहयोग र साथ जरुरी छ । अख्तियारको नेतृत्वको भ्रष्टमाथिको कठोर कदमलाई इतिहासले मूल्यांकन गर्ने नै छ । अत: हालको नेतृत्वलाई आगामी दिनमा अझै हिम्मतका साथ काम गर्न सक्ने वातावरण सरकार तथा सबै पक्षले बनाउनुपर्छ । यदि अख्तियारलाई काम गर्न अवरोध खडा गरिएमा वा काम गर्न नसक्ने बनाइएमा मुलुक कुशासनको दलदलमा फस्ने निश्चित छ । त्यस्तो भयो भने मुलुक असफल राष्ट्रको रुपमा दर्ज हुन सक्ने देखिन्छ, जुन मुलुकको लागि ठूलो विडम्बना हुनेछ ।

एकातिर यी संवैधानिक निकायले प्रभावकारी काम गरिरहेका छन् तर अर्कोतिर लोकतन्त्रको आधारको रुपमा रहेका र सोही अनुसार काम गरिरहेका अख्तियार, लोक सेवा आयोग, मानवअधिकार आयोग तथा अन्य आयोगहरुलाई पूरै रिक्त बनाएर लोकतन्त्रलाई कमजोर बनाउने प्रपञ्च पहिलादेखि नै रचिँदै आइएको छ ।

अख्तियारलगायतका निकायहरूलाई नेतृत्वविहीन बनाउने, त्यसपछि सके आफू अनुकूलकै व्यक्तिहरु नियुक्त गरी लुट मच्चाउने, नसके पदाधिकारी नियुक्तिमा अवरोध खडा गरेर वर्षौंसम्म रिक्त राखी पक्षघातजस्तै बनाइदिने र लुटको स्वर्ग मच्चाउने योजनामा केही माफिया एवं बिचौलियाहरु लागिरहेका छन् । उनीहरूले साम, दाम, दण्ड, भेदको नीति प्रयोग गर्दै ठूला नेता, मन्त्री, न्यायालयदेखि सरकारको प्रशासनिक संयन्त्रसम्मलाई सेटिङमा पार्न खोजिरहेका छन् । आशा गरौं, उनीहरुको सेटिङ धन्दा विफल हुनेछ । सम्बन्धित पक्ष यसमा संवेदनशील बन्ने नै छ ।

कतिसम्म भने, केही बिचौलियाहरुले सरकारका महत्वपूर्ण निकायमा आफू अनुकूलका व्यक्तिहरुलाई पठाउने, उनीहरुसँग बार्गेनिङ गर्ने र त्यस क्रममा अख्तियारलगायतका निकायमा 'अब हाम्रा मान्छे आउँछन्, कसैले चिन्ता लिनुपर्दैन' भन्ने हल्ला फैलाउँदै भ्रष्टहरुलाई काखी च्याप्न थालेका विषयहरु पनि सार्वजनिक भइरहेका छन् । यी सबैको फाइदा उठाउने तत्वहरू आज ती संवैधानिक संस्थाहरूको नेतृत्व हात पार्ने र त्यो असम्भव देखिए लामो समयसम्म रिक्त राख्ने दुवै रणनीतिमा अघि बढिरहेका हुन् ।

क्रमश: पृष्ठ-३.....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २३ गते शुक्रबार ६ जुन २०२५ । एकादशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

आईसीसी क्रिकेट विश्वकप लिग २ :

# आरिफको शानदार ब्याटिङमा नेपालको लगातार दोस्रो जित




काठमाडौं/आरिफ शेखले ७८ रनको शानदार पारी खेलेपछि आईसीसी क्रिकेट विश्वकप लिग २ मा नेपालले लगातार दोस्रो जित निकालेको छ । नेपालले नेदरल्याण्ड्सलाई ५ विकेटले हरायो ।

नेदरल्याण्ड्सले दिएको २२६ रनको लक्ष्य नेपालले ४७.१ ओभरमा ५ विकेटको क्षतिमा भेट्टायो । आरिफले ९९ बलमा ७ चौका र २ छक्कासहित सर्वाधिक ७८ रन बनाए । यो उनको करियरकै उच्च स्कोर हो । स्लो सुरुवात गरेका आरिफले केही समय संयमित भएर खेल्दै रनगति बढाएका थिए ।

दिपेन्द्रसिंह ऐरीले अविजित ३८ रन बनाए । कुशल भुर्तेलले २५ तथा कप्तान रोहित पौडेलले २३ रन बनाए । गुल्शन झाले विजयी छक्का प्रहार गर्दै ११ रनमा अविजित रहे । त्यसअघि आसिफ शेखले १९ र भीम सार्कीले ११ रन बनाए ।

६८-३ को अवस्थाबाट रोहितसँग मिलेर ५५ रनको साझेदारी गरेका आरिफले रोहित रनआउट भएपछि १२३ रनमा ४ विकेट गुमेको अवस्थाबाट दिपेन्द्रसिंह ऐरीसँग मिलेर ८९ रनको साझेदारी गर्दै नेपाललाई जितको संघारमा पुऱ्याएर आउट भएका थिए ।

नेदरल्याण्ड्सका माइकल लेभिटले २ विकेट तथा भिभियन किङ्मा र पल भान मिकेरनले १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्स ४९.१ ओभरमा २२५ रनमा अलआउट भयो । मध्यक्रमका ब्याटर नोआह क्रोएसले सर्वाधिक ४८ रन बनाए भने कप्तान स्कट एड्वाड्र्सले ४६ रन बनाए । विक्रमजित सिंहले ३८ रन बनाए । रोलफ भान डर मर्वेले २१ रन बनाए ।

सुरुवाती १६ रन जोड्दा २ विकेट गुमाएको नेदरल्याण्ड्सका लागि सिंह र एडवार्ड्स मिलेर तेस्रो विकेटका लागि ७२ रनको साझेदारी गरेका थिए । त्यसपछि १६६-७ को अवस्थाबाट क्रोएस र रोलफ भान डर मर्वेले मिलेर अर्धशतकीय साझेदारी गरे ।

नेपालका लागि सोमपाल कामीले ९.१ ओभरमा ४८ रन दिएर ३ विकेट लिए । करण केसी, सन्दीप लामिछाने र ललित राजवंशीले २-२ विकेट लिए । नेपालले सोमबार भएको पहिलो खेलमा स्कटल्याण्डलाई हराएको थियो । अब नेपालले जुन ८ मा स्कटल्याण्डसँग खेल्नेछ ।

# 'जनै हराएको मान्छे'को मर्मस्पर्शी गीत 'आमा' रिलिज



काठमाडौं/हरितालिका तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'जनै हराएको मान्छे: सम्बन्धका धागाहरू'को पहिलो गीत 'आमा' सार्वजनिक गरिएको छ । आमाप्रतिको प्रेमभाव बोल्ने गीतमा अर्जुन पोखरेलको संगीत, शब्द रचना तथा स्वर रहेको छ भने गायनमा अर्जुनलाई मनीषा सुनारले साथ दिएकी छन् । सार्वजनिक गीतका शब्द मर्मस्पर्शी लाग्छन् ।

गीतको भिडियोमा फिल्मका मुख्य पात्र विजय बरालले गाउँको घर छोड्दादेखि सहरमा गरेको संघर्ष र खाएको हन्डरलाई चित्रण गरिएको छ । आमाको आँसु पछ्न र ऋण तिर्न सहर आएको भाव समेटिएको गीतमा पैसा कमाउन नसकेपछि बिरामी आमाको आयु बढाउन भगवानसँग गरेको विन्तीले मन छुन्छ । फिल्मले आमा-छोराको भावनात्मक सम्बन्धको कथा भन्ने गीतबाट प्रष्ट हुन्छ ।

हिमाल न्यौपानेको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा विजयका साथै केकी अधिकारी, मिरुना मगर, शशांक मैनाली, कविता आले, गौरव पहाडी, भोलाराज सापकोटा, रियर राई, तारा शर्मा, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापा, सुवास सिंह ठकुरी, निरू खड्का गौतमलगायतको अभिनय छ । 'प्रेमगीत ३'का अभिनेता मनिष राउत यो फिल्मका असोसियट निर्देशक हुन् ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको फिल्मका निर्माताहरु कमल न्यौपाने र विमल न्यौपाने हुन् । सह-निर्माताहरुमा रुपेश लामा, आरके मानन्धर, सिआर बस्नेत, नारायण तिमिसिना र चुडामणि सिवाकोटी रहेका छन् । यसमा भानुभक्त ढकालको लेखन, अर्जुन पोखरेल, एसडी योगी, थानेश्वर गौतम र प्रशान्त सिवाकोटीको संगीत, नवीन गुरुङ डीओपी, र कृष्ण परियारको सिनेमेटोग्राफी छ ।

# संवैधानिक निकायलाई कमजोर....

पदाधिकारीविहीन आयोगहरूलाई निष्क्रिय बनाई तिनको अधिकार कार्यपालिका वा माफिया अनुकूल कर्मचारीहरूद्वारा हाइज्याक गराउने चाल बुनिरहेका छन्, जुन संघीय लोकतान्त्रिक गणतन्त्रलाई मृत्युशैयामा पुऱ्याउने खतरनाक चलखेल पनि हुन सक्छ । यदि त्यस्तो अवस्था आयो भने मुलुक भयंकर ठूलो कुशासनको दलदलमा फस्ने निश्चित छ ।

एकातिर लोकतन्त्रलाई बलियो बनाउन प्रभावकारीरुपमा काम गरिरहेका संवैधानिक आयोगलाई पूरै पदाधिकारीविहीन बनाउने खेल मञ्चन भइरहेको छ भने अर्कोतर्फ निर्वाचन आयोगलगायतका आधा दर्जन संवैधानिक निकायमा नेतृत्वसहित दर्जन बढी पदाधिकारी रिक्त रहेको महिनौं बितिसक्दा त्यहाँ नयाँ नियुक्ति प्रक्रिया अघि बढ्न सकेको छैन । निर्वाचन आयोग लगायत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, थारु आयोग, मधेसी आयोग, मुस्लिम आयोग, राष्ट्रिय समावेशी आयोग लगायतका आधा दर्जन आयोगहरु लामो सयमदेखि नेतृत्वविहीन छन् । ती निकायका अधिकांश सदस्यहरु समेत रिक्त अवस्थामा छन् ।

संवैधानिक परिषद्को हालको बनावट सरकारको अनुकूल देखिँदैन । विपक्षी दलका नेता पनि रिक्त संवैधानिक निकायमा तत्काल पदपूर्ति भएमा ती निकायले प्रभावकारी काम गर्छन् र सरकारले जश लिने अवस्था आउन सक्ने भन्दै सरकारलाई नै बदनाम गराउने उद्देश्यसहित संवैधानिक निकायमा तत्काल पदपूर्ति नहोस् भन्ने चाहनामा रहेको बुझ्न कठिन छैन ।

संवैधानिक परिषद्का ६ सदस्यमा एकजना प्रधान न्यायाधीशलाई छोडेर बाँकी ५ जनाको कुरा गर्दा प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल तथा उपसभामुख इन्दिरा राना गरी ३ जना सदस्य संवैधानिक परिषद्का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध रहनेछन् भने प्रधानमन्त्रीसँग सभामुख देवराज घिमिरे र आफू गरी २ जना मात्रै रहनेछन् । यस्तो अवस्थामा संवैधानिक निकायहरुमा पदपूर्ति हुन सक्ने अवस्था छैन । त्यसैले अहिले रिक्त रहेका संवैधानिक निकायहरु अझै महिनौंसम्म रिक्त रहने अवस्था देखिन्छ, जसका कारण ती निकायको भूमिका शून्य हुनेछ र लोकतन्त्र कमजोर हुँदै जानेछ ।

यदि संवैधानिक निकायहरू यसरी नै निष्क्रिय पारिँदै गइयो भने त्यसले संविधानमा नै गम्भीर आघात पार्नेछ । सुशासन, पारदर्शिता, जवाफदेहिता र नागरिक अधिकार जस्ता मूल मूल्यहरू ध्वस्त हुनेछन् । अनि जनता निराश हुँदै भन्नेछन्, 'संविधान केका लागि ?' यसरी निराशा, वितृष्णा र असन्तोषको वातावरणले लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उठाउने खतरा निम्त्याउँछ ।

निर्वाचन आयोग, वित्त आयोग, समावेशी आयोग, थारु आयोग, मुस्लिम आयोगलगायतका आधा दर्जन संवैधानिक आयोगहरूको नेतृत्वको लागि महिनौंदेखि सिफारिस र नियुक्ति प्रक्रिया ठप्प भएपछि ती आयोगहरू निष्क्रियजस्तै भएका छन् । यस्तो संवेदनशील अवस्थामा अख्तियार, लोक सेवा आयोगलगायतका संवैधानिक निकायहरूमा क्रियाशील ५२ जना पदाधिकारीलाई हटाउन चालिएका चलखेल सर्वथा अनुचित छन् । यदि ती निकायमा पनि पदाधिकारी रिक्त हुने अवस्था आयो भने मुलुक पूर्णरूपमा राज्यविहीनताको झल्को दिने दिशातर्फ अघि बढ्नेछ । यसले केवल संवैधानिक अभ्यासलाई कमजोर मात्रै बनाउने छैन, मुलुकको सुशासन र लोकतान्त्रिक पद्धतिमा नै गहिरो आघात पुग्नेछ ।

सम्पत्ति शुद्धीकरणको विषयमा नेपाल पहिले नै 'ग्रे लिस्ट'मा परिसकेको अवस्थामा भ्रष्टाचार नियन्त्रणमा काम गर्ने संवैधानिक संयन्त्रहरू निष्क्रिय भए भने मुलुक 'रेड लिस्ट'मा पर्ने सम्भावना प्रबल रहन्छ । त्यो अवस्था राष्ट्रकै प्रतिष्ठामाथिको प्रहार हुनेछ र अन्तर्राष्ट्रिय सहयोग, लगानी, व्यापार तथा समग्र आर्थिक विश्वसनीयतामा प्रत्यक्ष असर पर्नेछ । पछिल्ला चार वर्षमा विभिन्न सवैधानिक निकायमा रहेका ५२ पदाधिकारीहरूले देखाएको सक्रियता, पारदर्शिता र प्रभावकारी कार्यसम्पादनले सुशासनमा सकारात्मक संकेत देखाएको तथ्यलाई खारेज गर्नु न्यायोचित हुनेछैन ।

तसर्थ, सम्बन्धित निकाय र सरकार स्वयंले उनीहरूको वैधानिकता संरक्षण गर्न तत्पर हुनुपर्छ । समयमै सचेत नबने यो संकटले संविधानको आत्मा नै कुण्ठित बनाउनेछ । राजनीतिक दलहरू विशेषत: सत्तापक्ष र विपक्ष दुवैले संवैधानिक निकायहरूलाई खेलमैदान बनाउने प्रवृत्तिलाई तत्काल अन्त्य गर्नुपर्छ । देशको सार्वभौमिकता, लोकतन्त्र र नागरिक भरोसा यस्ता संवेदनशील संस्थाहरूको सुदृढतासँग जोडिएको हुन्छ । त्यसैले पनि संवैधानिक निकायको संरक्षण गर्नु सबैको साझा कर्तव्य हो । संविधानले व्यवस्था गरेका आयोगहरू राज्य सञ्चालनका संवेदनशील अंग पनि हुन् ।

निर्वाचन आयोग, प्राकृतिक स्रोत तथा वित्त आयोगलगायतका संवैधानिक आयोगहरू महिनौँसम्म नेतृत्वविहीन रहनु संविधानको आत्मासँगै जनतामाथिको पनि बेइमानी हो । ती महत्वपूर्ण निकायमा लामो समयसम्म पदाधिकारी नियुक्ति हुन सकेन भने संवैधानिक परिषद्को औचित्यमाथि नै प्रश्न उठ्नेछ र यसले संस्थागत पक्षघात निम्त्याउने खतरा रहन्छ । त्यसैले ती निकायमा तत्काल पदाधिकारी नियुक्त गरिनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# छानबिन चलिरहँदा गृह प्रशासनलाई कसले चुहायो अख्तियारको सूचना ?




काठमाडौं/भीडभाड, उडानअगाडि यात्रुहरूको हतारो, दौडधुप र अध्यागमन कक्षको चाप, यस्ता गतिविधि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सामान्य दिनचर्या हुन् । तर भित्रभित्रै एउटा महत्त्वपूर्ण निगरानी चलिरहेको थियो । विगतका असफलताहरूबाट सिकेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकारीहरू तीन दिनदेखि विमानस्थलमै 'अन्डरकभर अपरेशन'मा खटिइरहेका थिए ।

केही महिनाअघि आयोगमा एउटा गोप्य सूचना आयो- 'भिजिट भिसाको नाममा युवाबाट व्यापक असुली भइरहेको छ ।' यो सूचनाले आयोगका अधिकारीलाई सतर्क बनायो । सूचना एकपटक होइन, पटक-पटक आइरहेपछि आयोगले गृह मन्त्रालयलाई दुईपटक पत्राचार गऱ्यो । तर, गृह प्रशासनले कुनै ठोस कदम चाल्ने रुचि देखाएन । अन्तत: अख्तियारको चिठी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्म पनि पुग्यो ।

प्रधानमन्त्री कार्यालयले पनि गृह मन्त्रालयलाई छानबिन गर्न निर्देश गऱ्यो । तर, गृहले उस्तैगरी आँखा चिम्लिएपछि अख्तियार आफैं मैदानमा ओर्लियो, तर चलाखीपूर्वक र योजनाबद्ध ढंगले । यसअघि पनि विमानस्थलमा अख्तियारका अपरेशनहरू चलेका थिए । तर त्यहाँको कर्मचारी संयन्त्र यति सशक्त थियो कि अधिकारीहरू छिर्नासाथ खबर चुहिन्थ्यो, र दोषी सतर्क भइहाल्थे । अख्तियारका अधिकारीहरूले पास लिनेबित्तिकै सूचना अध्यागमनमा पुग्थ्यो, र शंकास्पद कर्मचारी सजिलै उम्किन्थे ।

त्यही कारण, यसपटक अख्तियारले आफ्नो रणनीति बदलेर गोप्य निगरानी सुरु गऱ्यो । अनुसन्धान अधिकारीहरू विमानस्थलमै रहेर गतिविधि नियालिरहेका थिए । तेस्रो दिन, अप्रत्याशित रूपमा अध्यागमन प्रमुख सहसचिव तीर्थराज भट्टराईको सरुवाको खबर आयो । जसविरुद्ध केन्द्रित भएर छानबिन भइरहेको थियो, उनी नै सरुवा भए, त्यो पनि अचानक । 'केही महत्त्वपूर्ण प्रमाणहरू सहित कर्मचारीहरूलाई नियन्त्रणमा लिने तयारी थियो, तर जसलाई केन्द्रमा राखेर छानबिन भइरहेको थियो, उनकै एक्कासी सरुवा भयो,' अनुसन्धानमा संलग्न एक अधिकारी भन्छन्, 'यसले हामीलाई चकित बनायो, त्यसपछि ७ जेठमा विमानस्थलमा प्रवेश गरेर सहसचिव भट्टराईलाई नियन्त्रणमा लियौं ।'

आयोगका अधिकारीहरूले त्यो दिन उनको साथबाट तीन वटा मोबाइल बरामद गरे । एउटा निजी, अर्को सरकारी मोबाइलका अतिरिक्त थप एउटा स्मार्ट फोन समेत भेटिएको छ । अनुसन्धानमा संलग्न अधिकृतहरूका अनुसार, प्राय: बिचौलियाले असुली गरिएका व्यक्तिहरूको विवरण पठाउन कर्मचारीलाई छुट्टै स्मार्टफोन दिने गरेका थिए । त्यस्ता फोन प्रत्येक हप्ता फेरिने गरेको अनुसन्धानबाट खुलेको छ ।

आयोगले छापा मारेको दिन भट्टराई दिनभर आयोगको नियन्त्रणमा रहे । साँझ आवश्यक परेका बेला उपस्थित हुने गरी छुटे । आयोगका अधिकारीहरूका अनुसार, प्रमाण संकलन भइसकेको निष्कर्ष सहित उनलाई त्यसदिन छाडिएको थियो । त्यसअनुसार, मंगलबारदेखि उनको बयान भइरहेको छ ।

तर, योसँगै एउटा प्रश्न उठेको छ - आयोगले छानबिन गरि रहेका बेला कसरी सहसचिव भट्टराई एकाएक गृह मन्त्रालय सरुवा भए ? आयोगका अनुसन्धान अधिकृतहरू छानबिन गरिरहेका बेला सूचना चुहिँदा उनको एक्कासी सरुवा भएको जिकिर गर्छन् ।

स्रोतका अनुसार, आयोगले गोप्य टोली गठन गरेर जाँच गरिरहेका बेला छानबिनको विवरण शंकास्पद कर्मचारीहरूसम्म पुगेको आशंकामा प्रमुख आयुक्त प्रेमकुमार राईले समेत चासो देखाएका थिए । यो प्रकरणमा सहसचिव भट्टराई पक्राउ परेलगत्तै गृह मन्त्रालयले विमानस्थल अध्यागमनमा खटिएका १३ जना नायब सुब्बाहरूलाई समेत जिम्मेवारीबाट हटाएको थियो ।

विमानस्थल अध्यागमन देशको सबैभन्दा बढी अधिकृतको दरबन्दी भएको ठाउँ हो । त्यहाँ १२० जनाको दरबन्दी छ । तर, गृहको राजनीतिक नेतृत्वको चासोमा दरबन्दीभन्दा ३० जना बढी कर्मचारी विमानस्थलमा खटिएका छन् । विमानस्थल अध्यागमनमा नायब सुब्बाको समेत ९ जनाको दरबन्दी हो, तर ३० जनाले काम गर्दै आएका थिए ।

**पटक-पटकको निर्देशन अनदेखा**

जानकारहरूका अनुसार, अख्तियारले चलाउने अपरेशनको सूचना सीमित अधिकारीहरू बाहेकलाई हुन्न । सम्बन्धित मुद्दामा खटिएका बाहेक अरुलाई कुनै सूचना दिने पनि गरिन्न । सिधै सम्बन्धित विषय हेर्ने आयुक्तसम्म रिपोर्टिङ हुन्छ । तर, लजिस्टिक व्यवस्थापन र अन्य कारणले कर्मचारी प्रशासनको नेतृत्वसम्म त्यो विवरण कहिलेकाहीँ पुग्ने गरेको एक अधिकारी बताउँछन् । अख्तियारमा कार्यरत् प्रहरी नेतृत्वलाई समेत सीमित सूचना पुग्ने उनको भनाइ छ । स्रोतका अनुसार, विमानस्थलमा आयोगले गरिरहेको गोप्य जाँचमा ६/७ जना कर्मचारी खटिएका थिए । अपरेशनको सुरुवाती दिनमा समस्या थिएन, तर तेस्रो दिनमा सूचना चुहिएको थाहा भएपछि आयोगले आन्तरिक जाँच समेत गरेको थियो ।

कतिपयले अख्तियारका सचिव नारायण शर्मा दुवाडीतिर समेत शंका गरेको स्रोत बताउँछ । भिजिट भिसा प्रकरणमा गृहसचिव गोकर्णमणि दुवाडीमाथि समेत छानबिन भइरहेको छ । 'यस्तोमा अख्तियारका सचिवज्यूमार्फत गृह सचिवसम्म सूचना पुगेको हो कि भन्ने शंका समेत गरिएको छ', स्रोतले भन्यो, 'फेरि उहाँहरू नजिकको नातेदार र एक किसिमको निकटता पनि रहेछ ।'

अख्तियार सचिव बाहेक अन्य केही अधिकारीहरूलाई समेत सूचना चुहाएको हुनसक्ने आशंका गरिएको छ । तर, गृहमन्त्री रमेश लेखकले भने मंगलबार साँझ पत्रकारहरूसँग कुरा गर्दै 'केही विषयमा छानबिन गर्नुपर्ने भन्ने लागेपछि' तानेको स्पष्टीकरण दिएका थिए ।

गृहसचिव गोकर्णमणि दुवाडी भने अहिले नेपालबाहिर छन् । उनी सचिव भएपछि नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भिजिट भिसाका नाममा भइरहेको असुलीबारे अनुसन्धान गर्न भन्दै गृह मन्त्रालयलाई दुई पटक पत्राचार गरेको थियो । तर, त्यो पत्रलाई मन्त्रालयले गम्भीरतापूर्वक नलिएको अख्तियारका एक अधिकारी बताउँछन् । बरु उनले अन्य निकायबाट तानेका कतिपय कर्मचारीलाई आफ्नै सचिवालयमा ल्याएर पछि अध्यागमन पठाएका थिए । कतिसम्म भने उनले आफ्नो सचिवालयमा तानेका नापीका अमिनमाथि समेत छानबिन भइरहेको छ ।

'त्यो पत्र पठाएकै बेला छानबिन भएको भए अख्तियार यसमा संलग्न नै हुनुपर्ने थिएन', एक अधिकारीले भने, 'तर, पटकपटक ताकेता गर्दा पनि अचाक्ली असुली भएको थाहा पाएपछि अनुसन्धान टोली गठन भएको थियो ।' भिजिट भिसामा जाँच चलिरहेका बेला पाँच दिनअघि अख्तियार दुरूपयोग अनुसन्धान कार्यालय, प्रहरी महाशाखाका प्रमुख हिमालय श्रेष्ठको सरुवा भएको थियो । यो सरुवालाई लिएर समेत गृहमन्त्री रमेश लेखकमाथि प्रश्न उठेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'परालको आगो'मा 'उडि जाउँ भने' गीत समावेश गरिने



काठमाडौं/गायिका अरुणा लामाको कालजयी गीतमध्ये एक हो, 'उडि जाउँ भने म पन्छी होइन ।' यो गीत ४ दशकअघि बनेको फिल्म 'परालको आगो'मा समावेश थियो । अब यही नाममा बन्न लागेको नयाँ फिल्ममा पनि सोही गीत राखिने भएको छ । त्यसका लागि गीतकी संगीत निर्देशक शान्ति ठटालसँग मंगलबार सिलिगुडीमा फिल्मका निर्माता सुशील पोखरेलले लिखित सम्झौता गरेका छन् ।

शान्ति ठटालको संगीत र अरुणा लामाको स्वर रहेको गीतमा मनबहादुर मुखियाको शब्द रचना छ । गीतको नयाँ भर्सनमा कुन गायिकाको आवाज रहनेछ भन्ने निधो भइसकेको छैन । फिल्मका लागि यो गीत नै चाहिने भएकाले ठटालकै निवासमा पुगेर गीतका लागि अनुमति लिइएको निर्माता पोखरेलले बताए ।

कथाकार गुरुप्रसाद मैनालीको चर्चित कथासङ्ग्रह 'नासो'मा सङ्ग्रहित 'परालको आगो'मा आधारित भएर बन्न लागेको फिल्ममा जितु नेपाल, प्रकाश सपुत र सुहाना थापाको मुख्य भूमिका रहनेछ । यसमा सुहाना गौँथलीको भूमिकामा देखिनेछिन् । उनले पहिलो पटक ग्रामीण महिलाको भूमिकामा अभिनय गर्न लागेकी हुन् ।

हरिओम सिने मेकर्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई लक्ष्मण सुनारले निर्देशन गर्नेछन् । आगामी फागुनदेखि छायांकन सुरु हुन लागेको फिल्ममा सुशील देवकोटाको लेखन छ भने संकल्प भुजेलको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी तथा सत्य-स्वरुपराज आचार्यको संगीत हुनेछ । 'परालको आगो' कथामा दुई पात्र चामे र गौँथलीको झैँझगडालाई प्रस्तुत गरिएको छ ।

# दुई-दुईवटा फिल्म बनाउने तयारीमा केकी र नीता



काठमाडौं/अभिनेत्री द्वय केकी अधिकारी र नीता ढुंगानाका लागि वर्ष २०८१ सुखद् रह्यो । केकीका लागि त अविस्मरणीय नै बन्यो । उनले निर्माण र अभिनय गरेको फिल्म 'बोक्सीको घर'ले बक्स अफिसमा १० करोडमाथि कमाएको थियो । नीताको निर्माण र अभिनय रहेको 'ह्रस्व दीर्घ'ले पनि सुखद् कमाइ गऱ्यो । अब यी दुईजना अभिनेत्री दुई-दुईवटा नयाँ फिल्म निर्माणको तयारीमा जुटेका छन् ।

'बोक्सीको घर २'को निर्माणलाई पछाडि सार्दै केकीले चलचित्र विकास बोर्डबाट 'भद्रकाली' र 'राधा पियारी' शीर्षकमा दुई फिल्मको निर्माण इजाजत लिएकी छन् । उनले सोमबार बोर्डमा यी दुई फिल्म दर्ता गरेकी हुन् । 'भद्रकाली'को निर्देशकमा उनका भाइ विम्वको नाम राखिएको छ । 'राधा पियारी'को निर्देशन भने सञ्जय चौलागाईंले गर्नेछन् । यसमा केकी र विम्वको अभिनय रहनेछ ।

त्यस्तै, नीताले पनि गत सोमबार नै चलचित्र विकास बोर्डबाट 'एक दुई तीन' र 'सुख दु:ख' शीर्षकमा फिल्म निर्माणको इजाजत लिएकी छन् । दुवै फिल्ममा उनको नाम निर्माता र कलाकारमा छ । केही समयअघि उनले आफ्नो टिम 'ह्रस्व दीर्घ २' निर्माणको तयारीमा जुटेको बताएकी थिइन् । तर, नीताले तत्काललाई यो प्रोजेक्ट रोक्दै नयाँ शीर्षकमा दुई फिल्मको तयारी सुरु गरेकी छन् ।

गत सोमबार केकी र नीतासहित १२ जना निर्माताले बोर्डबाट फिल्म निर्माणको इजाजत लिएका थिए । नेपाली फिल्मको इतिहासमा पहिलो पटक एकैदिन १२ वटा फिल्म दर्ता भएको हो । यसले फिल्म निर्माणमा बढेको आकर्षणलाई दर्शाउँछ । गत कात्तिकदेखि गत सोमबारसम्म बोर्डबाट निर्माणका लागि इजाजत लिएका सबै फिल्म बनेको खण्डमा यस वर्ष रिलिजमा कीर्तिमान बन्न सक्नेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडाले १ अर्ब १९ करोड ५० लाख पाउने

# मकवानपुरका पालिकालाई ४ अर्ब ७४ करोड संघीय अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सरकारबाट मकवानपुरका १० स्थानीय तहका लागि ४ अर्ब ७४ करोड २५ लाख रुपैयाँ वित्तीय हस्तान्तरणमार्फत बजेट विनियोजन भएको छ ।




आर्थिक वर्ष २०८२/८३ का लागि गरिएको बजेट भाषण मार्फत बजेट विनियोजन गरिएको हो । संघीय सरकारले वित्तीय हस्तान्तरणअन्तर्गत वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान प्रदेश तथा स्थानीय तहलाई पठाउने गरिएको छ । अघिल्ला वर्षहरुमा जस्तै वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने बजेटको आकारमा हेटौंडाले सबैभन्दा बढी पाएको छ । हेटौंडा उपमहानगरपालिकाले समानीकरण अनुदान २९ करोड ७६ लाख, सशर्त अनुदान ८३ करोड ४९ लाख, विशेष अनुदान १ करोड ५० लाख र समपूरक अनुदान ४ करोड ७५ लाख गरी कुल १ अर्ब १९ करोड ५० लाख रुपैयाँ पाएको छ ।

त्यसैगरी थाहा नगर पालिकाले ४६ करोड ५४ लाख बजेट प्राप्त गर्दा बकैयाले ५१ करोड ३१ लाख रुपैयाँ बजेट पाउने भएको छ । थाहानगरले समानीकरण १२ करोड ३९ लाख, सशर्त ३१ करोड ६६ लाख, विशेष २ करोड र समपूरक अनुदान ४९ लाख रुपैयाँ पाएको छ भने बकैयाले समानीकरण १२ करोड ९५ लाख, सशर्त ३६ करोड ६७ लाख, विशेष अनुदान ७५ लाख र समपूरक अनुदान १ करोड पाएको छ । जिल्लाकै सबैभन्दा सानो पालिका ईन्द्रसरोवर गाउँपालिकाले समानीकरण अनुदान ७ करोड ११ लाख सशर्त अनुदान १२ करोड ८१ लाख विशेष ६८ लाख र समपूरक अनुदान ७६ लाख गरी कुल २१ करोड ३६ लाख रुपैयाँ पाएको छ ।

ईन्द्रसरोवर जिल्लामै सबै भन्दा कम बजेट पाउने पालिका हो । कैलाश गाउँपालिकाले समानीकरण अनुदान ९ करोड ८३ लाख, सशर्त अनुदान १९ करोड ३४ लाख, विशेष अनुदान ७५ लाख र समपूरक अनुदान २ करोड ५८ लाख रुपैयाँ गरी कुल ३२ करोड ५० लाख रुपैयाँ पाएको छ । बागमती गाउँपालिकाको लागि समानीकरण अनुदान ११ करोड ७० लाख, सशर्त अनुदान २९ करोड ६१ लाख, विशेष अनुदान ३ करोड ८५ लाख र समपूरक अनुदान ९० लाख रुपैयाँ गरी कुल ४६ करोड ६ लाख विनियोजन भएको छ ।

भीमफेदी गाउँपालिकाको लागि समानीकरण अनुदान १० करोड ५२ लाख, सशर्त अनुदान ३० करोड १४ लाख, विशेष अनुदान ५५ लाख र समपूरक अनुदान ३ करोड ४१ लाख गरी कुल ४४ करोड ६२ लाख रुपैयाँ विनियोजन भएको छ । मकवानपुरगढी गाउँपालिकाको लागि समानीकरण अनुदान १० करोड ७ लाख, सशर्त २९ करोड ४ लाख, विशेष अनुदान २ करोड र समपूरक अनुदान १ करोड ५० लाख रुपैयाँ गरी ४२ करोड ६१ लाख रुपैयाँ विनियोजन भएको छ ।

मनहरी गाउँपालिकाको लागि समानीकरण अनुदान १२ करोड ५३ लाख, सशर्त अनुदान २२ करोड ४४ लाख, विशेष अनुदान ९० लाख र समपूरक अनुदान ५२ लाख करी कुल ३६ करोड ३९ लाख रुपैयाँ विनियोजन गरेको छ । राक्सिराङ गाउँपालिकालाई समानीकरण अनुदानतर्फ १० करोड २५ लाख, सशर्त अनुदान २० करोड ६१ लाख, विशेष १ करोड ७५ लाख र समपूरक अनुदान ६८ लाख रुपैयाँ गरी कुल ३३ करोड २९ लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

मकवानपुरका लागि कुल समानीकरण १ अर्ब २७ करोड ११ लाख, सशर्त अनुदान ३ अर्ब १५ करोड ८२ लाख, विशेष अनुदान १४ करोड ७३ लाख र समपूरक अनुदान १६ करोड ५९ लाख वित्तीय हस्तान्तरणमार्फत बजेट प्राप्त भएको छ ।

# नीतिमात्र होइन, व्यवहार पनि परिवर्तन गर्नुपर्ने



साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ हेटौंडामा १९ औं जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा अन्तरक्रिया गरिएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरको आयोजना र संयुक्त राजनीतिक संघर्ष समितिको समन्वयमा बुधबार कार्यक्रम भएको हो । कार्यक्रममा सरकारी निकायका प्रतिनिधि, दलित अगुवा, अधिकारकर्मी र सामाजिक अभियन्ताको उपस्थिति थियो । उनीहरुबीच जातीय विभेद, छुवाछुत, दलित समुदायको अवस्था र अधिकारका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा दलित विकास समितिका पूर्वकार्यकारी निर्देशक तथा राजनीतिक विश्लेषक डा. बुद्धि नेपालीले विशेष प्रस्तुतिकरण दिएका थिए । उनले दक्षिण एशियामा जात व्यवस्थाको इतिहास, दलित समुदायको योगदान, गरिबीका कारण, जनयुद्ध र आन्दोलनको भूमिका, र छुवाछुतमुक्त राष्ट्र घोषणापछि कायम रहेको व्यवहारगत विभेदबारे चर्चा गरेका थिए ।

कार्यक्रममा सहभागी दलित अगुवाले कानुनीरुपमा अधिकार सुनिश्चित भएपनि व्यवहारमा अझै विभेद कायम रहेको गुनासो गरेका थिए । उनीहरुले नीतिमात्र होइन, व्यवहारमा पनि परिवर्तन आवश्यक रहेको बताएका थिए । छुवाछुत र जातीय भेदभाव अन्त्य गर्न सबै तहका सरकार, समुदाय र नागरिकको साझा प्रयास आवश्यक रहेको सहभागीको भनाइ थियो ।

# 'विपद् नियन्त्रणमा तीनै तहका सरकार बीच समन्वय र सहकार्य आवश्यक'

साझाकुरा संवाददाता



हेटौंडा, २१ जेठ/ बागमती प्रदेशमा प्राकृतिक तथा मानवसिर्जित विपद्को जोखिम पछिल्लो समय बढ्दै गएको भन्दै यसको नियन्त्रणमा जोड दिइएको छ ।

विपतको पूर्वतयारी र विपद्पछिको उद्दार राहतलगायत सवालमा छलफल गरिएको हो । मकवानपुरगढी गाउँपालिका-६ स्थित भालुखोलामा सामुदायिक रेडियो प्रसारक संघ (सिआइएन) ले आयोजना गरेको 'हेलो सांसद' सार्वजनिक सुनुवाइमा सहभागी वक्ताले विपद् नियन्त्रणमा तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक भएको बताएका थिए । पछिल्ला वर्षको विपद्का घटनालाई हेर्दा बागमती प्रदेशमा पहिरोजन्य प्रकोपको जोखिम उच्च रहेको पाइएको छ ।

बागमती प्रदेशमा कमजोर भूबनोट, अवैज्ञानिक भूउपयोग, वातावरणीय प्रभाव अध्ययनबिना नै सडकलगायतका पूर्वाधारको निर्माण, पानीको स्रोतको कमजोर व्यवस्थापन लगायतका कारण यस प्रदेशमा क्षति वृद्धि भएको औंल्याइएको छ । गत वर्षको असोजमा भएको बाढीपहिरोका कारण प्रदेशभरमा १२ अर्ब रुपैयाँभन्दा बढीको क्षति पुगेको थियो । सहभागीले बाढीपछिको उद्दार र राहत प्रभावकारी नभएकाले प्रदेशसभा र प्रदेश सरकारको भूमिका प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ ।

कार्यक्रममा प्रदेशसभाका सदस्य भारती पाठकले विपत् व्यवस्थापन कोषको व्यवस्था हुनुपर्ने भन्दै विपद्का घटना न्यूनीकरणका लागि स्थानीय सरकार र समुदायसँग सहकार्यमा जोड दिइन् । यस्तै प्रदेशसभा सदस्य रुकु चौलागाईंले अवैध खानी, हचुवाका भरमा हुने विकास निर्माणले विपत्ति आइलाग्ने गरेको भन्दै खानी सञ्चालकको आश्वासनमा नागरिक पर्दा पनि क्षति बढ्ने गरेको बताइन् । मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मानकुमारी नेपालीले पालिकाले सबै वडामा स्वयंसेवकको व्यवस्था गरेको भन्दै तत्कालीन सहयोग पालिकाले गर्ने भए पनि दीर्घकालीन काममा प्रदेश र संघले सहयोग गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा संसदीय मामिला पत्रकार मञ्चका अध्यक्ष राममणि दाहाल, स्थानीय बासिन्दा लीलाराज न्यौपाने, वासुदेव चौलागाईं, अमरबहादुर मल्ल, वेदनाथ हुमागाईं लगायतले प्रदेश सरकार र प्रदेश सभाले विपत् न्यूनीकरण, विपत् पूर्वतयारी राहत र पुनर्स्थापनालाई प्रभावकारी बनाउनुपर्ने बताएका थिए ।

# जातीय विभेद उन्मूलन राष्ट्रिय दिवसको अवसरमा अन्तरक्रिया

साझाकुरा संवाददाता



हेटौंडा, २१ जेठ/जातीय विभेद तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा थाहा नगर पालिकाले अन्तरक्रिया गरेको छ ।

शिखरकोटस्थित विकास घरमा सम्पन्न कार्यक्रममा जातीय विभेद अन्त्य र समतामूलक समाज निर्माणका विषयमा छलफल गरिएको हो । सहभागीले संविधानले विभेद निषेध गरे पनि व्यवहारमा अझै जातीय भेदभाव कायम रहेको बताएका छन् । उनीहरुले समाजमा चेतना अभाव, गरिबी र दलित नेताहरुको निष्क्रियता जस्ता कारणले विभेद अन्त्यमा चुनौती आइरहेको बताएका थिए । थाहा नगरप्रमुख विष्णु बिष्टले कानुन मात्र पर्याप्त नभई मानसिकता परिवर्तन जरुरी रहेको बताएका छन् ।

दलित मुक्ति मोर्चाका प्रदेश नेता जमिन दियालीले दलितको मुक्ति सत्तामा पहुँचबिना सम्भव नभएको भन्दै प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याए । नेकपा एमाले नगरअध्यक्ष सुरेन्द्रमान प्रधानले कानुन कार्यान्वयनमा समस्या रहेको बताए । माओवादी केन्द्रका नगरअध्यक्ष विनोदकुमार लामाले सोच नबदलिएसम्म विभेद अन्त्य सम्भव नरहेको धारणा राखेका छन् । कार्यक्रममा दलित समुदायभित्रकै आन्तरिक भेदभाव र नेतृत्वप्रति प्रश्न उठाइएको थियो ।

कार्यक्रम नगर दलित सञ्जालका संयोजक अर्जुन सुनारको अध्यक्षतामा सम्पन्न भएको हो । सञ्चालन केशव सुनारले र स्वागत अशोक खातीले गरेका थिए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, वडा नं. ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, विभिन्न राजनीतिक दलका नेता, प्रहरी, शिक्षक, सहकारी संस्था, समाजसेवी तथा सरोकारवाला व्यक्तिको उपस्थिति रहेको थियो ।

# धान पकेटक्षेत्रमा कृषि उपकरण बितरण

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ स्थानीय रैथाने बीउको संरक्षण गर्ने उद्देश्यअनुरुप हेटौंडा उपमहानगर पालिकाले क्षेत्र छुट्याएर थालेको धान पकेटक्षेत्रमा यान्त्रीकउपकरण बितरण गरिएको छ ।

बागतमी प्रदेश सरकारसँगको सहकार्यमा उपमहानगरपालिकाले हेटौंडा-१७ हटियामा रहेको सानाकिसान कृषि सहकारी संस्थामा रहेर धानखेती गरिरहेका किसानलाई उपकरण बितरण गरेको हो । पकेटक्षेत्रका लागि चालु आर्थिक वर्षमा उपमहानगरले १३ लाख रुपैयाँ खर्चेर कार्यक्रम अघि बढाएको हो । बुधबार उपमहानगरप्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यतामा उपकरण बितरण गरिएको थियो । हेटौंडा उपमहानगरबाट धान पकेट कार्यक्रमअनुसार खरिद भएका उपकरण अनुदानमा बितरण गरिएको हो ।

उपमहानगरले १ सय ५५ वटा इलेक्ट्रिक स्प्रे, १ सय ६० वटा त्रिपाल, ६ जना किसानलाई हाते ट्रयाक्टर, ५ जना किसानलाई कम्बाइन राईस मिल, १० वटा पानीतान्ते मोटर, २ वटा डिजिटल काँटा बितरण गरेको हो । सामग्री बितरण गर्दै नगरप्रमुख लामाले उत्पादनसँग जोडेर जान जरुरी रहेको बताइन् । उपमहानगर कृषिको बिभिन्न पाटोमा जोड्दै नगरका बिभिन्न क्षेत्रलाई पकेटक्षेत्रको रुपमा अघि बढाउने योजनासहित अघि बढेको बताइन् । उनका अनुसार अहिले हेटौंडाबाट धेरै कृषिउत्पादन देशका बिभिन्न ठाउँमा बिक्रीका लागि जाने गरेको उनको भनाई थियो ।

चालु आर्थिक वर्ष र आगामी आर्थिक वर्ष २०८२/८३ गरी दुई वर्ष सञ्चालन हुने कार्यक्रममा किसानलाई धान खेतीसम्बन्धी दुईवटा तालिम सहित ७ मेट्रिकटन धानको रैथाने (स्थानीय जातको) बीउ बितरण गरिएको छ । सहकारीका अनुसार अहिले कार्यक्रममा सहभागी भएका किसानलाई ४ टन मकवानपुरे छोटे र ३ टन रामधान बीउ उत्पादनका लागि बितरण गरिएको छ ।

सानकिसान कृषि सहकारी संस्थाका अध्यक्ष कमला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१७ का अध्यक्ष उद्धब सत्याल, वडासदस्य नबराज न्यौपाने, उपमहानगरपालिका आर्थिक विकास महाशाखाप्रमुख जगन्नाथ सापकोटा, कृषि शाखाप्रमुख प्रदीप रेग्मी, महिला उद्यमी गीता कडरीया मैनाली र उपमहानगरका कृषि प्राबिधिक गणेश खड्काको आतिथ्यता रहेको थियो । हेटौंडा-१७ को चुच्चेखोलादेखि महादेबखोलासम्मको क्षेत्रलाई उपमहानगरले धान पकेटक्षेत्रको रुपमा अघि बढाउन खोजेको हो ।

पसल बिक्रीमा

उच्च शिक्षा अध्ययनको लागि बिदेश जानुपर्ने भएको कारण मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा न-५, सानोपोखरा स्थित चलिरहेको सगरमाथा हार्डवयर एण्ड सप्लायर्स तुरुन्तै बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले ९८४५२३७३६५ नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

थप सम्पर्क नम्बर:
९८४५७७७५२३

विश्व वातावरण दिवस-२०८२

"प्लाष्टिक प्रदुषण न्यूनीकरण: हाम्रो दायित्व"

- बढ्दो प्रदूषण, वातावरणीय असन्तुलन, वनविनाश र जलवायु परिवर्तनले हाम्रो जीवनमा गम्भीर प्रभाव पारिरहेको छ ।
- स्वच्छ हावा, सफापानी, हरियाली र जैविक विविधताको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

**प्लास्टिकले ल्याउने समस्याहरू:**
- खोलानदी र जमिनमा अत्यधिक प्रदूषण
- पशु-पक्षी तथा जलचर जीवको ज्यान खतरामा
- माटोको उर्वरता घटाउने
- मानवीय स्वास्थ्यमा दीर्घकालीन असर

**यस दिवसमा हामीले के गर्न सकिन्छ ?**
**हामी के गर्न सक्छौं?**
- प्लास्टिकको झोलाको सट्टा कपडा वा कागजका झोला प्रयोग गरौं,
- डिस्पोजेबल प्लास्टिक सामग्री (जस्तै: प्लास्टिक कप, चम्मच, स्टोरो) को प्रयोग बन्द गरौं,
- पुन:प्रयोग गर्न मिल्ने सामग्रीलाई प्राथमिकता दिऔं,
- प्लास्टिकजन्य फोहोर छुट्याएर रिसाइकलमा सहयोग गरौं,
- साथीभाइ, परिवार र समाजमा प्लास्टिक न्यूनकिरणको सन्देश फैलाऔं ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय
हेटौंडा, मकवानपुर

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

हार्दिक बधाई



श्री राजेन्द्र प्रसाद ढुंगाना

नेपाल अडिटर्स एशोसिएसन (अडान)को मिति २०८२ जेठ १७ गते काठमाडौंमा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा श्री राजेन्द्र प्रसाद ढुंगानाज्यूलाई हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सरला खनाल (सम्पादक) एवम्
साझाकुरा राष्ट्रिय दैनिक, परिवार
हेटौंडा-१, चौकीटोल

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना